संवत् २०८० साल फागुन १५ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०८/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना महशाखा/योजना शाखा/प्राविधिक शाखा | आन्तरिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश आर्थिक वर्ष २०८१/०८२ का लागि देहायको योजना पशे गर्ने ।<br>**समपुरक अनुदान**<br>१. फेदीगाउँ त्रिवेणी खोला River Training works (बस्ती बचाउ),थाहा-२ ।<br>२. नारायणहिटी कुस्लेचौर भेडाफार्म जानेबाटो, थाहा-९ ।<br>३. नौखण्डे-लिती मोटरबाटो, थाहा ११ र १२ ।<br>४. सुन्दर देवि मा.वि. सिभिल इन्जिनियरिङ भवन निर्माण, थाहा-७ ।<br>**विशेष अनुदान**<br>१. बृहत खानेपानी आयोजना, थाहा-८ ।<br>२. आपटार बाल विकास केन्द्र, थाहा-१२ ।<br>३. मेलखोला महाँकाल सिचाई आयोजना, थाहा-११ । |
| २ | योजना महशाखा/योजना शाखा/प्राविधिक शाखा | १५ शैया अस्पतालको भेरिएशन स्वीकृत गर्ने । |
| ३.१ | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | थाहा नगरपालिका क्षेत्रका लागि खानेपानी महशुल दर तथा अन्य शुल्क तोक्ने । |
| ३.२ | कृषि विकास शाखा | एक वडा, एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि २०८० फागुन महिना भित्र छनोट गर्ने गरी सूचना आव्हान गर्ने । |
| ३.३ | पशु विकास शाखा | आ.व. २०८०/०८१ को निशर्त तर्फ पशु विकास शाखाको लागि विनियोजित बजेट मध्ये १ लाख ७५ हजार रुपियाँ ५००० *लागत साझेदारीमा दुहुना गाई/भैसी पालन प्रवर्द्धन कार्यक्रम*का लागि रकमान्तर गर्ने । |
| ३.४ | स्वास्थ्य शाखा/प्रशासन शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका लागि थाहा नगरपालिकाको कार्यालयबाट तलब भत्ता भुक्तानी गर्ने गरी २ (दुई) जना मेडिकल अधिकृतहरुलाई २०८० चैत्र १ गते देखि लागू हुने गरी करार सेवामा नियुक्ति गर्ने । |
| ३.५ | स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुको उपचारका लागि महिनाको एक पटक विशेषज्ञ मेडिकल अधिकृत काठमाण्डौदेखि पालुङसम्म आवत जावत गर्न गाडीको व्यवस्था र खानाको व्यवस्था गर्न लाग्ने खर्च थाहा नगरपालिकाले ब्यहोर्ने । |
| ३.६ | योजना महाशाखा | आ.व. २०८०/०८१ को लागि स्वीकृत भई सम्झौता नभएका नगरस्तरीय र वडास्तरीय योजनाहरु २०८० चैत्र मसान्त भित्र सम्झौता गरी कार्य सुरु गर्न योजना महाशाखा र प्राविधिक शाखामा पत्राचार गर्ने र त्यस्ता योजनाहरु तोकिएको समयमा पनि सम्झौता हुन नसकेमा २०८१ बैशाख १ गतेबाट सम्झौता नगर्ने । |
| ३.७ | योजना महाशाखा/आर्थिक प्रशासन शाखा | पर्यटन पुर्वाधार (दामन फलामे भर्याङ) को भुक्तानीको लागि फाईल पेश हुन आएकोमा उल्लेखित आयोजनाको २०८० फागुनमसान्त सम्म म्याद थप गरी नियमानुसार भुक्तानी प्रकृया अगाडी बढाउने । |
| ३.८ | शिक्षा शाखा | नगरस्तरीय अनिवार्य तथा निःशुल्क शिक्षा अनुगमन समिति गठन गर्ने । |
| ३.९ | आर्थिक प्रशासन/प्रशासन | जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा राहदानी, राष्ट्रिय परिचय पत्रको फर्महरु निःशुल्क रुपमा भर्ने, नागरिकका अन्य निवेदन तथा उजुरीहरुमा आवश्यक सहयोग |

| | | |
|---|---|---|
| | शाखा | गर्न नागरिक सहायता कक्षमा करार सेवामा कार्यरत सहायक कम्प्युटर अपरेटरलाई २०८० कार्तिक, मंसिर र पौष महिनाको पारिश्रमिक नियमानुसार उपलब्ध गराउने । |
| ३.१० | योजना महाशाखा/ प्रशासन शाखा | थाहा नगरपालिकाको विभिन्न योजनाहरुको डी.पी.आर. र संक्षिप्त वातावरणीय परामर्शदाताहरुको म्याद थप गर्ने । |
| ३.११ | योजना महाशाखा | संघ तथा प्रदेशको सम्बन्धित निकायमा तपसिलको योजनाहरुको लागि बजेट विनियोजन गर्नका लागि माग गर्ने ।<br>तपसिल<br>क) ऐसेलु खर्क ढुडे खोला गैरी गाउँ सडक, थाहा-८ ।<br>ख) विकेकेश सडक, थाहा-८ ।<br>ग) दामगाडे भकुण्डे गल्छी सडक, थाहा-८ ।<br>घ) धनदेव गोले पार्क, थाहा-९ ।<br>ङ) कुटीपकल कोटधुम्की सडक स्तरउन्नती, थाहा-१ ।<br>च) झम्केश्वरी र बसन्त मोटरबाटो स्तरउन्नती, थाहा-१ र ५ ।<br>छ) रमाईलो डाँडा चिल्डेन पार्क निर्माण, थाहा-१ । |
| ३.१२ | शिक्षा शाखा/आर्थिक प्रशासन शाखा | शिक्षा शाखाको लागि विनियोजित बजेट मध्येबाट तामाङ भाषा प्रबोधीकरण तथा तालिम र तामाङ भाषा पुस्तक लेखन तथा छपाईका लागि रु. ७ लाख रकमान्तर गर्ने |
| ३.१३ | योजना महाशाखा/प्राविधिक शाखा | ७०% वित्तीय खर्चमा शतप्रतिशत भौतिक निर्माणको उद्देश्य पूरा भएको हुँदा एस.आर.पी. ग्रुप प्रा.लि.को ठेक्का Coldstore Civil work (pro/coldstore-12/079/80) को सम्झौताको सर्त GCC ७२.५ बमोजिम सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने र GCC ७५.२ बमोजिम गर्ने । |
| ३.१४ | वडा नं. ११/आर्थिक प्रशासन/योजना शाखा | वडा नंम्बर ११ को लागि विनियोजित म्याचिङ्ग फण्ड बजेट शीर्षकमा बाँकी रहेको रु. २५ लाखको बजेट निम्न परियोजनाहरूमा बाँडफाँड गर्ने । |
| ३.१५ | वडा नं. ७/आर्थिक प्रशासन/योजना शाखा | आ.व. २०८०/०८१ मा वडा नं. ७ स्थित खन्डेटोल जौखोरिया कृषि सडक शीर्षकमा विनियोजित बजेट रकम रु.१० लाख मध्येबाट २५% रकम सोलाभञ्ज्याङ्ग चौबास बतासे दलानटोल चिसापानी सडक मर्मत शीर्षकमा रकमान्तर गर्ने निर्णय गर्ने । |
| ३.१६ | वडा नं. १२/आर्थिक प्रशासन/योजना शाखा | वडा नं. १२ को लागि विनियोजित म्याचिङ्ग फण्ड बजेट शीर्षकमा बाँकी रहेको रु. १० लाखको बजेटबाट वडा कार्यालयको तला थप गर्ने । |

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चित्लाङ? इन्द्रेणीचौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता